आज मिति २०८३ बैशाख ७ गते सोमबारका दिन यस देवचुली नगरपालिकाको नगर प्रमुख श्री हरि प्रसाद न्यौपाने ज्यूको अध्यक्षतामा आ व २०८२/८३ को १४ औं कार्यपालिका बैठक बस्यो ।

बैठक नं. १५

**उपस्थिती**

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री हरि प्रसाद न्यौपाने | नगर प्रमुख | |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३ | श्री तिलप्रसाद काफ्ले | नगर प्रवक्ता | |
| ४ | श्री कृष्ण बहादुर के.सी | सदस्य | |
| ५ | श्री शरद प्रसाद घिमिरे | सदस्य | — |
| ६ | श्री होमनाथ पौडेल | सदस्य | |
| ७ | श्री गिर बहादुर थापा क्षेत्री | सदस्य | — |
| ८ | श्री कृष्ण प्रसाद सापकोटा | सदस्य | |
| ९ | श्री मिन बहादुर सोती | सदस्य | |
| १० | श्री भुमिसरा आले | सदस्य | |
| ११ | श्री नुन प्रसाद बाचे | सदस्य | |
| १२ | श्री बलिराम सापकोटा | सदस्य | |
| १३ | श्री रेप्ती कुमार घर्ति | सदस्य | |
| १४ | श्री लोक प्रसाद भुर्तेल | सदस्य | |
| १५ | श्री एकदेव पौडेल | सदस्य | |
| १६ | श्री गोपाल थापा | सदस्य | |
| १७ | श्री सुरेश कुमार रानाभाट | सदस्य | |
| १८ | श्री केशव राज गौतम | सदस्य | — |
| १९ | श्री गणेश शर्मा चालिसे | सदस्य | |
| २० | श्री गोमा देवी पौडेल | सदस्य | |
| २१ | श्री मधु माया गुरुङ | सदस्य | |
| २२ | श्री फुल माया वि.क | सदस्य | |
| २३ | श्री पार्वती कंडेल | सदस्य | — |
| २४ | श्री जानकी देवी गुरौ (लामिछान) | सदस्य | |
| २५ | श्री विद्या बहादुर विश्वकर्मा | सदस्य | |
| २६ | श्री जय बहादुर वि.क | सदस्य | — |
| २७ | श्री गिता देवी बोटे | सदस्य | |
| २८ | श्री अशोक कोइराला | सदस्य सचिव | |

CamScanner

अन्य उपस्थिति

१. डिल्लीलाल श्रेष्ठ प्रा.प्र. आठौं तह देवचुली नगर पालिका
२. शिव सापकोटा अधिकृत सातौं तह
३. कृष्ण हरी सापकोटा, सूचना प्रविधि अधिकृत, देवचुली न.पा.

## देवचुली नगरपालिकाको १४ औ कार्यपालिका बैठक प्रस्तावहरुः २०८३।१।०७

१. नयाँ वर्षको शुभकामना,

२. गाउँपालिका तथा नगरपालिका र वडाको सङ्ख्या तथा सीमाना हेरफेर, एक आपसमा गाभिने र नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्बन्धी मापदण्ड, २०८३ को प्रारम्भिक मस्यौदा माथि छलफल,

३. विविध।

## देवचुली नगरपालिकाको १४ औ कार्यपालिका बैठक निर्णयहरु २०८३।०१।०७

१.विक्रम संवत २०८३ को पावन अवसरमा देवचुली नगरपालिकाका सम्पूर्ण आदरणीय नगरवासी दाजुभाइ, दिदीबहिनी, जनप्रतिनिधिहरू, कर्मचारीहरू र सरोकारवालाहरूमा सुख, शान्ति, सुस्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने निर्णय गरियो।

२. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारको प.सं. २०८२/०८३, च.नं. ९८, मिति २०८३/०१/०३ को पत्रसाथ प्राप्त "गाउँपालिका तथा नगरपालिका र वडाको सङ्ख्या तथा सीमाना हेरफेर, एक आपसमा गाभिने र नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्बन्धी मापदण्ड, २०८३" को प्रारम्भिक मस्यौदा माथि छलफल गरियो।

३. विविध

क.देवचुली नगरपालिका वडा नं १६ निवासी श्री गणेश बहादुर थनेतको घरमा अज्ञात समुहले मिति २०८२।१२।२२ गते राती घरमा सुतिरहेको अवस्थामा आक्रमण गरी गणेश बहादुर थनेत र हजुरआमा गुलबसिनिया थनेत घाईते भएको र निजहरुको अस्पतालमा उपचार भईराखेको साथै निजको हजुरबुवा जिउनराम थनेतलाई आक्रमण गरी घट्ना स्थलमानै हत्या गरी दुखद् घटना भएको छ। निजहरुको पारिवारिक आर्थिक अवस्था कमजोर रहेकोले घाईतेहरुको उपचारार्थ रु नगरपालिकाको तर्फबाट १लाख आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

ख. सामुदायिक माध्यमिक विलालयहरुमा अध्यनरत विद्यार्थिहरुमा वैज्ञानिक अनुसन्धान, प्रविधितर्फको अभिरुचि र आधुनिक उर्जा, प्रयोगतात्मक ज्ञान अभिवृद्दि कार्यक्रम संचालन वापत एन्टी ग्राभिटि रिसर्च फाउन्डेशनलाई, वृत्ति मार्ग निर्देशन शिर्षक बाट भुक्तानी भएको रकम रु ५०,०००। लाई अनुमोदन गर्ने निर्णय गरियो।

ग. देवचुली नगरपालिका श्रम डेस्क संचालन कार्यविधि,२०८२ लाई स्वीकृति गर्ने निर्णय गरियो।

घ. डिजिटल नगर प्रोफाइल व्यवस्थापन तथा तथ्याकं अध्यावधिक कार्यविधि, २०८२ लाई स्वीकृति गर्ने निर्णय गरियो।

ङ संघिय सरकार सर्शत अनुदान हस्तान्तरित सामुदायिक प्राकृतिक चिकित्सालय, रजहरलाई पुँजीगत अनुदान कार्यक्रमबाट चिकित्सालयको लागी आवश्यक मेडिकल उपकरण, फर्निचर/फिक्चर्स र ICT लगायतका सामाग्री गरिद गर्नको लागी सामुदायिक प्राकृतिक चिकित्सालयको संचालक समितको निर्णय सहित च.नं ११२ मिति २०८२।१०।२१ गतेको पत्रबाट खरिद प्रक्रिया अगाडी बढाउनको लागी लेखि आएकोले माग अनुसारको सामाग्री सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार नगरपालिकाबाट खरिद कार्य अगाडी बढाउने निर्णय गरियो।

२०८३।१।०७
अशोक कोइराला
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख